प्रदेश सरकार
प्रदेश नं. २
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

फोन नं. : ०३१-५२००८२

# डिभिजन वन कार्यालय

सप्तरी, राजविराज

पत्र संख्या : २०७४/०७५ (विकास)

चलानी नं. : ८०५

मिति २०७६/०२/०१

विषय : सूचना टाँस गरि जानकारी पठाई दिने वारे ।

श्री जिल्ला प्रशासन कार्यालय, सप्तरी ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सप्तरी ।
श्री को.ले.नि.का., सप्तरी ।
श्री जिल्ला कृषि ज्ञान केन्द्र, सप्तरी ।
श्री जिल्ला मालपोत कार्यालय, सप्तरी
श्री राजविराज नगरपालिकाको कार्यालय सप्तरी, राजविराज ।
श्री सप्तकोशी न.पा. को कार्यालय, फत्तेपुर ।
श्री ह.क.न.पा. को कार्यालय, हनुमाननगर ।
श्री कञ्चनरुप न.पा.को कार्यालय, कञ्चनपुर ।
श्री शम्भुनाथ न.पा. को कार्यालय, कठौना ।
श्री खडक न.पा.को कार्यालय, कल्याणपुर ।
श्री डाक्नेश्वरी न.पा.को कार्यालय, पातो ।
श्री बोदे-वरसाइन न.पा.को का., बोदेबरसाइन ।
श्री सूरुंगा न.पा.को कार्यालय, मधुपटि ।
श्री अ.कृ.स.गा.पा.को कार्यालय, सितापुर ।
श्री तिरहुत गा.पा.को कार्यालय, गोइठी ।
श्री ति.को. गा.पा.को कार्यालय,तिलाठी ।
श्री महदेवा गा.पा.को कार्यालय, बथनाहा ।
श्री छिन्नमस्ता गा.पा.को कार्यालय, सखडा ।
श्री विष्णपुर गा.पा. को कार्यालय, विष्णुपुर ।
श्री रुपनी गा.पा.को कार्यालय, रुपनी ।
श्री राजगढ गा.पा.को कार्यालय, नर्धो ।
श्री वलान विहुल गा.पा. कार्यालय, वेल्ही चपेना ।
श्री गंगाजली सव-डिभिजन फत्तेपुर ।
श्री रुपनगर सव-डिभिजन कञ्चनपुर ।
श्री महुली सव-डिभिजन महुली ।
श्री शम्भुनाथ सव-डिभिजन रुपनी ।
श्री कल्याणपुर सव-डिभिजन कल्याणपुर ।
श्री दौलतपुर सव-डिभिजन लक्ष्मीपुर ।

उपरोक्त विषयमा यस कार्यालयद्वारा आ.व. ०७५/०७६ मा **नीजि जग्गामा वृक्षारोपण (हरित अभियान)** कार्यक्रम सञ्चालन सम्वन्धि पुन : प्रकाशित सूचना पाना १ ( एक ) यसै साथ संलग्न राखि पठाएको छ । ताहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि सो को जानकारी पठाई दिनु हुन अनुरोध छ । साथै प्रचार प्रसार कार्यमा सहयोग गरि दिनुहुन अनुरोध छ ।

(धिरेन्द्र प्रसाद सिंह )
डिभिजनल वन अधिकृत

Scanned by CamScanner

प्रदेश सरकार
प्रदेश नं. २
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय
सप्तरी, राजविराज

फोन नं. : ०३१-५२००८२

# नीजि जग्गामा वृक्षारोपण (हरित अभियान) कार्यक्रम सञ्चालन सम्वन्धी सूचना ।

(पुन : प्रकाशित मिति :- २०७६/०२/०१)

यस कार्यालयको आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रमको पूँजीगत कार्यक्रम खर्च तर्फ **नीजि जग्गामा वृक्षारोपण (हरित अभियान)** कार्यक्रम अन्तर्गत यस जिल्लामा नीजि, सहकारी, विद्यालय, तथा कुनै संघ संस्थाको स्वामित्वमा रहेको जग्गामा सघन (Intensive) वृक्षारोपण गर्न इच्छुक कृषक, उपभोक्ता, सहकारी, विद्यालय तथा संघ संस्थाहरुले तपसिलका कागजातहरु सहित यो पुन : सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन ( २०७६/०२/०७ गते ) भित्र यस कार्यालयमा सम्पूर्ण विवरण साथ निवेदन पेश गर्नु हुन अनुरोध छ । म्याद भित्र रीतपूर्वक दर्ता हुन आएका निवेदनहरुलाई मात्र तोकिएको मूल्याँकन समितिबाट स्थलगत अनुगमन तथा मापदण्डको आधारमा मूल्याँकन/छनौट गरी कार्यक्रम सञ्चालन सम्झौता गरिने तथा सम्पूर्ण कार्यक्रम सम्पन्न भए पश्चात मात्र प्रगति प्रतिवेदन र यस कार्यालयवाट खटिएको प्राविधिक कर्मचारीको नापजाँच सहितको सिफारिसको आधारमा सम्वन्धित जग्गाधनीलाई प्रति हेक्टर अधिकतम रु. ५००००।०० (पचास हजार) को दरले अनुदानको रुपमा रकम नियमानुसार उपलब्ध गराइने व्यहोरा सवैमा जानकारीको लागी अनुरोध छ ।

तपसिल

- निवेदकको नाम, ठेगाना, सम्पर्क नं. सहित रु. १०।०० को टिकट टाँसिएको निवेदन ।
- जग्गाधनीको नागरिक्ता प्रमाण पत्र वा नाम, ठेगाना खुलेको प्रमाणको प्रतिलिपि ।
- जग्गाको स्वामित्व देखिने प्रमाणको प्रतिलिपि (जस्तै जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि, जग्गा लिजमा लिएको प्रमाण ) ।
- वृक्षारोपणको लागि १(एक) प्लट जग्गाको क्षेत्रफल कम्तिमा ०.३३ हेक्टर (०-१०-०) हुनु पर्दछ ।
- जग्गाको क्षेत्रफल देखिने नापी नक्सा ।
- तिरो तिरेको रसिदको प्रतिलिपि ।
- सम्वन्धित वाडा कार्यालयको सिफारिस ।
- वृक्षारोपण गरिने विरुवाको प्रजाती र संख्या ।
- वृक्षारोपण संरक्षण गर्न अपनाइने संरक्षणका उपायहरु (जस्तै तारवार, जैविकवार, हेरालु आदि) सहितको प्रतिवद्धता पत्र ।

विस्तृत जानकारी तथा प्रस्तावको ढाँचाको लागि सम्पर्क ठेगाना
डिभिजन वन कार्यालय, सप्तरी
फोन नं. ०३१-५२००८२

Scanned by CamScanner